# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## सुपरिवेक्षण तथा अनुसन्धान विभाग

पत्र संख्या : ७६/७७
चलानी नं. : १२९

मिति :- २०७६।०४।१९

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौ ।

श्री सम्पूर्ण क्रेडिट रेटिङ्ग कम्पनीहरु,

श्री सम्पूर्ण मर्चेन्ट बैंकरहरु,

श्री सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरु,

श्री सम्पूर्ण सूचीकृत कम्पनीहरु,

बिषय : नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ लागू भएको सम्वन्धमा ।

महाशय,

उपर्युक्त सम्बन्धमा सूचना प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्न तथा सुरक्षित बनाउन बजारमा सूचना प्रविधि नीतिको आवश्यकतालाई दृष्टिगत गरी यस बोर्डले सूचना प्रविधि नीति तर्जुमा गरी संचालक बोर्डको निर्णयानुसार मिति २०७६।०४।०१ देखि **"नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६"** लागू गरेको व्यहोरा जानकारी गराउँदै आवश्यक कार्यार्थ उक्त नीतिको एक प्रति यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय

(डा. नबराज अधिकारी)
उप कार्यकारी निर्देशक

**बोधार्थ**

१. श्री अध्यक्षज्यूको सचिवालय, नेपाल धितोपत्र बोर्ड ।
२. श्री सुपरिवेक्षण तथा अनुसन्धान बिभाग, नेपाल धितोपत्र बोर्ड ।
३. श्री नियमन तथा व्यवस्थापन बिभाग, नेपाल धितोपत्र बोर्ड ।

बोर्ड निर्णय मितिः २०७६।०३।३०
लागू मितिः २०७६।०४।०१

# नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६

**नेपाल धितोपत्र बोर्ड**

**जावलाखेल, ललितपुर ।**

# विषय सूची


| विषय वस्तु | पृष्ठ नं. |
|---|---|
| १.पृष्ठभूमि | १ |
| २.विगतका प्रयासहरु | १ |
| ३.समस्या र चुनौतीहरु | १ |
| ४.नीतिको आवश्यकता र औचित्य | २ |
| ५.नीति निर्माणका आधारहरु | २ |
| ६.भावी सोच | ३ |
| ७.परिदृष्य | ३ |
| ८.नीतिका उद्देश्यहरु | ३ |
| ९.नीतिहरु | ३ |
| १०.रणनीतिहरु | ४ |
| ११.संस्थागत व्यवस्था | ६ |
| १२.पूर्वानुमान तथा जोखिम | ७ |

# नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६

## १. पृष्ठभूमि

सूचना प्रविधिको विकास विस्तारले वित्तीय गतिविधिहरु सहज, सर्वसुलभ तथा विश्वसनीय बनाएको छ । वित्तीय प्रणालीको महत्वपूर्ण अङ्गको रुपमा रहेको धितोपत्र बजार तथा वस्तु विनिमय (कमोडिटी फ्यूचर्स) बजारको विकास, विस्तार एवं विश्वसनीयता अभिवृद्धिमा सूचना प्रविधिको महत्वपूर्ण स्थान रहँदै आएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बजारलाई प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन सूचना प्रविधिको समूचित एवं सुरक्षित उपयोग हुन आवश्यक छ । सूचना प्रविधिको व्यवस्थित एवं सुरक्षित उपयोगले बजारको सन्तुलित, दीगो एवं विश्वसनीय विकासलाई सुनिश्चित गर्दछ । पछिल्लो समयमा बजारमा सूचना प्रविधिको बढ्दो आवश्यकता देखिनुका साथै उपलब्ध सूचना प्रविधिको समूचित एवं सुरक्षित उपयोग चुनौतिपूर्ण हुँदै गएको देखिन्छ । सूचना प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्न तथा सुरक्षित बनाउन बजारमा सूचना प्रविधि नीतिको आवश्यकता मध्यनजर गरी धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियमन निकाय नेपाल धितोपत्र बोर्डले **"नेपाल धितोपत्र बोर्ड सूचना तथा प्रविधि नीति, २०७६"** तर्जुमा गरेको छ ।

## २. बिगतका प्रयासहरु

नेपाल धितोपत्र बोर्डलाई सूचना प्रविधिमैत्री बनाउन धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली ( Securities Data Management System) तथा तथ्याङ्क फाइलिङ्ग तथा पुर्नप्राप्ति सम्बन्धी विद्युतीय प्रणाली (System for Electronic Data Filing and Retrieval-SEDFAR) को स्थापना तथा व्यवस्थापन गरिएको थियो । बोर्डको अग्रसरतामा धितोपत्रको कम्प्यूटरकृत कारोवार प्रणाली ( Computerised Trading System) को स्थापना, धितोपत्रको केन्द्रीय निक्षेप (Central Securities Depository-CSD) प्रणालीको स्थापना, सर्किट ब्रेकर (Circuit Breaker) को व्यवस्था, धितोपत्रको अभौतिकीकरण (Dematerialisation of Securities) र आस्वा तथा सि-आश्वा प्रणाली (Application Supported by Blocked Amount-ASBA तथा C-ASBA) को व्यवस्था गरिएको छ । बजारमा प्रयोगमा भएमा विभिन्न प्रणालीहरुको विस्तृत अवस्थाको जानकारी लिन प्रणाली संपरीक्षण (System Audit) गर्ने व्यवस्थाको शुरुवात गरी सो कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको छ ।

## ३. समस्या र चुनौतीहरु

बजारमा सूचना प्रविधि सम्बन्धी एकीकृत नीतिको अभावका कारण बजार सम्बद्ध विभिन्न पक्षहरुको सूचना प्रविधिको प्रयोगमा एकरुपता तथा विश्वसनीयतामा कमी देखिएको छ । धितोपत्र बजारमा बढ्दोरुपमा सूचना प्रविधिको प्रयोगसंगै सूचना प्रविधिमा आधारित परियोजना तर्जुमा तथा कार्यान्वयन र सूचना प्रविधिको भरपर्दो तथा विश्वसनीय उपयोगमा विभिन्न समस्या तथा चुनौतीहरु देखिएका छन । विभिन्न स्तरको सूचना प्रविधि एवं सोको असुरक्षित प्रयोगबाट साईवर सुरक्षा (Cyber Security) सम्बन्धी समस्याहरु देखिने तथा भित्री सूचनाका आधारमा कारोवार हुने संभावनाहरु समेत बढेको छ । बजारका गतिविधिहरु सम्बन्धी जानकारी प्राप्त गर्न मोबाइल फोन, मोवाइल नेटवर्क तथा इन्टरनेटको व्यापक प्रयोगले बजार सम्बद्ध सम्पूर्ण पक्षहरु वीच बढेको कन्भरजेन्स (Convergence) लाई सुरक्षित तथा विश्वसनीय बनाउने र बजारमा सूचना एवं जानकारीहरुको दुरुपयोगलाई निरुत्साहित गर्ने चुनौती रहेको छ ।

## ४. नीतिको आवश्यकता र औचित्य

सूचना संवेदनशील तथा सूचनामा आधारित धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा भएका तथ्याङ्क एवं जानकारीहरुको समूचित अभिलेख व्यवस्थापन तथा प्रभावकारी उपयोगमा सूचना प्रविधिको अत्यन्तै महत्वपूर्ण भूमिका हुने गर्दछ । सूचना प्रविधिको निरन्तर विकास तथा विस्तारद्वारा सिर्जित चुनौतिहरुको सामना गर्न तथा उपलब्ध अवसरको उच्चतम प्रयोग गर्न नवीनतम नीतिगत तथा तदनुरुपको संरचनागत व्यवस्था गर्न नीतिगत स्पष्टता हुनु आवश्यक छ । देशको धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा विगतको तुलनामा हाल धेरै विकास विस्तार भएको छ सोही अनुसार बजार सम्बन्धी गतिविधिहरुमा विभिन्न सूचना प्रविधि सम्बन्धी साधनहरुको प्रयोग समेत बढेको छ । बजारको विकास तथा विस्तारलाई व्यवस्थित एवं सुशासित बनाउन र बजार सम्बन्धी गतिविधिहरुमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई विश्वसनीय एवं भरपर्दो बनाई समग्र धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई पारदर्शी एवं विश्वसनीय बनाउन र धितोपत्र बजार तथा बस्तु विनिमय बजारमा उपयोग हुने सूचना प्रविधिलाई अन्तर्राष्ट्रिय सिद्धान्त तथा अभ्यास अनुकूल बनाउन धितोपत्र बजार तथा बस्तु विनिमय बजार सम्बन्धी एकीकृत नीतिगत व्यवस्था आवश्यक भएको छ ।

बदलिदो परिवेश तथा त्यसबाट सिर्जित चुनौतिहरुको सामना गर्न तथा सिर्जित अवसरहरुको प्रभावकारीरुपले उपयोग गर्न तद्अनुरुपको सोच तथा परिदृष्य हुनुपर्ने र सोच तथा परिदृष्य प्राप्तिका लागि नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरु अवलम्बन गर्नुपर्ने आवश्यकता महशुस गरी **नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६** तर्जुमा गरिएको छ । यस नीतिले देशको धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा हुने सूचना प्रविधिको उपयोगलाई स्तरीय एवं भरपर्दो बनाउन र सूचना प्रविधिको प्रभावकारी तथा सुरक्षित उपयोगका लागि महत्वपूर्ण आधार प्रदान गर्नेछ ।

## ५. नीति निर्माणका आधारहरु

५.१ सूचना प्रविधि नेपालको धितोपत्र बजार तथा वस्तु विनिमय बजारको स्वच्छ एवं पारदर्शी विकासको महत्वपूर्ण माध्यम हुनेछ ।

५.२ नीति कार्यान्वयनमा नेपाल धितोपत्र बोर्डको नेतृत्वदायी भूमिका र बजार सम्बद्ध पक्षहरुको सकारात्मक सहयोग एवं सहकार्य हुनेछ ।

५.३ सूचना प्रविधिमा आधारित बजार पूर्वाधारहरुमा सर्वव्यापी पहुंच (Universal Access) सुनिश्चित गरिनेछ ।

५.४ बजार तथा नियमनका सूचना प्रविधियुक्त पूर्वाधारहरु मार्फत् उपलब्ध सेवा तथा सुविधालाई प्रविधिगत कन्भर्जेन्ससंग सामन्जस्य गरिनेछ ।

५.५ धितोपत्र बजार तथा वस्तु विनिमय बजार गतिविधिहरुमा सूचना प्रविधिको अधिकतम प्रयोगलाई सहजिकरण गरिनेछ ।

५.६ बजार तथा नियमन गतिविधिमा पूर्वाधार जन्य सहकार्यता (Infrastructural Synergy) को अवधारणा अवलम्बन गरिनेछ ।

५.७ बजार तथा नियमन गतिविधिहरुमा प्रयोग हुने सूचना प्रविधिको उपयोग गर्दा अन्तर्राष्ट्रिय सिद्धान्त अनुकूलका अभ्यासहरु अवलम्बन गरिनेछ ।

## ६. भावी सोच

सूचना प्रविधिको प्रयोगबाट धितोपत्र बजार तथा वस्तु विनिमय बजार नियमन तथा बजार गतिविधिलाई प्रभावकारी एवं विश्वसनीय बनाउने ।

## ७. परिदृष्य

धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा स्तरीय, सर्वसुलभ, सुरक्षित तथा विश्वसनीय रुपमा सूचना प्रविधिको प्रयोगलाई सुनिश्चित गर्ने ।

## ८. नीतिका उद्देश्यहरु

८.१ धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी सूचना प्रविधि पूर्वाधारको विकास विस्तार गर्ने ।

८.२ बजार नियमन तथा बजार गतिविधिहरुमा सूचना प्रविधिको उपयोगलाई बढाउने ।

८.३ सूचना प्रविधिको प्रयोगलाई स्तरीय र मितव्ययी बनाउने ।

८.४ बजार नियमन तथा बजार गतिविधि सम्बन्धी सूचना प्रविधिका साधन तथा पूर्वाधारको सुरक्षित रुपमा प्रयोग गर्ने ।

८.५ सूचना प्रविधिको व्यवस्थित एवं स्तरीय उपयोगमार्फत् धितोपत्र बजार तथा वस्तु विनिमय (कमोडिटी फ्यूचर्स) बजार नियमन, सञ्चालन तथा लगानीलाई गतिशिल एवं विश्वसनीय बनाउने ।

८.६ धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा सूचना प्रविधिको नवीनतम तथा स्तरीय प्रयोगलाई सहजीकरण गर्ने ।

## ९. नीतिहरु

### ९.१ बजारमा विकसित तथा स्तरीय सूचना प्रविधि प्रणालीको स्थापना तथा विकास

९.१.१ सूचना प्रविधि सम्बन्धी उपलब्ध साधन श्रोतको दक्ष एवं प्रभावकारी प्रयोगका लागि समुचित व्यवस्था गरिनेछ ।

९.१.२ सूचना प्रविधिमैत्री बजार बनाउन आवश्यक सहजिकरण गरिनेछ ।

### ९.२. बजार अनुगमन तथा सुपरिवेक्षणका लागि सूचना प्रविधि प्रयोग

९.२.१ बजार अनुगमन तथा सुपरिवेक्षणका लागि सूचना प्रविधिका साधनहरुको प्रभावकारी प्रयोग गरी स्तरीय एवं प्रभावकारी बनाइनेछ ।

९.२.२ बजार अनुगमन तथा सुपरिवेक्षणका लागि अन्तर्राष्ट्रिय सिद्धान्त तथा अभ्यास अनुरुपको सूचना प्रविधियुक्त पूर्वाधारहरुको विकास विस्तार गरिनेछ ।

### ९.३ साइबर अपराध (Cyber Crime) न्यूनिकरण र गुणस्तरमा जोड

९.३.१ बजारमा प्रयोगहुने सूचना प्रविधिका साधनहरुमा गुणस्तर तथा विश्वसनीयता कायम गर्न उपयुक्त मानक (Standards) निर्धारण गरिनेछ ।

९.३.२ गुणस्तर तथा विश्वसनीयता सुनिश्चित गर्न सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु समेतको सहकार्यमा नियमन व्यवस्थामा आवश्यक परिमार्जन गरिनेछ ।

**९.४ गुनासो समाधान र लगानीकर्ता शिक्षामा सूचना प्रविधिको प्रयोग**

९.४.१ बजार सम्बन्धी गुनासो समाधान गर्न सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

९.४.२ लगानीकर्ता शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रमहरुमा सूचना प्रविधिको प्रयोग गरिनेछ ।

**९.५.बोर्डमा सूचना प्रविधि सम्बन्धी साधन श्रोतको व्यवस्थापन तथा प्रयोग**

९.५.१ बोर्डमा उपलब्ध सूचना प्रविधि सम्बन्धी साधन श्रोतको व्यवस्थापन तथा प्रयोगलाई दक्ष एवं प्रभावकारी बनाइनेछ ।

९.५.२ सूचना प्रविधि सम्बन्धी मानव संसाधनलाई दक्ष बनाउन आवश्यक तालिम, अध्ययन तथा भ्रमणको व्यवस्था गरिनेछ ।

**९.६. डिजिटलाइजेशन (Digitalisation) लाई प्रथामीकता**

९.६.१ धितोपत्र बजार तथा बस्तु विनिमय बजार र बजार नियमन सम्बन्धी प्रविधिजन्य उपकरण तथा सेवाहरु खरिद गर्ने योजना तथा कार्यक्रम बनाउंदा क्लाउड कम्प्यूटिङ्ग (Cloud Computing) लाई एउटा उपयुक्त विकल्पको रुपमा लिने व्यवस्था गरिनेछ ।

९.६.२ धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी तथ्याङ्क, अभिलेखहरुको सुरक्षित अभिलेख तथा सुरक्षित प्रयोगका लागी बजार सम्बन्धी केन्द्रीय तथ्याङ्क बैंकको स्थापना तथा व्यवस्थापन गर्नुका साथै विद्यमान एकीकृत सरकारी डाटा सेन्टर (Government Integrated Data Centre- GIDC) तथा क्लाउड कम्प्यूटिङ्गको उपयोगमा जोड दिइनेछ ।

**१०.रणनीतिहरु**

**१०.१ बजारमा विकसित तथा स्तरीय सूचना प्रविधि प्रणालीको स्थापना तथा विकास**

१०.१.१ बजार कारोबार, राफसाफ तथा फछ्र्यौट संयन्त्र र केन्द्रीय निक्षेप प्रणाली, वेयरहाउससँग सम्बन्धित अभिलेखको दीगो, भरपर्दो तथा सुरक्षित प्रयोगका लागि स्तरीय तथा अन्तर्राष्ट्रिय अभ्यास अनुरुपको डिजास्टर रिकोभरी संयन्त्र (Disaster Recovery Mechanism-DRM) को स्थापना तथा व्यवस्थापन गरिनेछ ।

१०.१.२ बजार सम्बन्धी महत्वपूर्ण पूर्वाधार तथा व्यवसायीहरुका लागि व्यवसाय निरन्तरता योजना (Business Continuity Plan-BCP) हुनुपर्ने व्यवस्था गरिनेछ ।

१०.१.३ बजार पूर्वाधार तथा व्यवसायी र सम्बन्धित तेस्रो पक्ष, भेण्डर्स, सप्लायर्स, ठेकदार आदिले सूचना प्रविधि उपकरण तथा सेवाहरु खरिद गर्ने तथा विकास गर्ने र सो सम्बन्धी योजना बनाउँदा क्लाउड कम्प्यूटिङ्ग (Cloud Computing) लाई दृष्टिगत गरी उपयुक्त विकल्प अवलम्बन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**१०.२ बजार संचालन, अनुगमन तथा सुपरिवेक्षण कार्यमा सूचना प्रविधिको प्रयोग**

१०.२.१ बजार नियमन, धितोपत्र बजार संचालन तथा केन्द्रीय निक्षेप सेवा, बजारका अन्य गतिविधिहरुमा प्रयोग गरिने सूचना प्रविधिका साधन र प्रणाली विकास तथा खरिद धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of

Securities Commission-IOSCO) को सिद्धान्त र सफ्टवेयर सम्बन्धी अन्तर्राष्ट्रिय स्तर अनुकूल हुनुपर्ने व्यवस्था गरिनेछ ।

१०.२.२ बजार नियमन, कारोबार तथा धितोपत्रको केन्द्रीय निक्षेप सेवा, शाख मूल्याङ्कन सेवा र धितोपत्र बजार तथा वस्तु विनिमय बजार व्यवसायी सेवा सम्बन्धी संवेदनशील सूचना प्रवाह गर्नु अघि प्रयोगकर्ताको पहिचानको प्रमाणिकरण गरिनेछ ।

१०.२.३ बजार सम्बन्धी गतिविधिहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न बजार सञ्चालक तथा नियमन निकायमा सूचना प्रविधियुक्त बजार सुपरिवेक्षण प्रणालीको व्यवस्था गरिनेछ ।

१०.२.४ सूचना प्रविधि सम्बन्धी आन्तरिक तथा बाहृय गतिविधिहरुको अनुगमन तथा सुपरिवेक्षणका लागि बोर्डमा उच्च स्तरीय संयन्त्रको व्यवस्था गरिनेछ ।

**१०.३ साइबर अपराध (Cyber Crime) न्यूनिकरण, अन्तर सक्रियता (Interoperability) तथा गुणस्तरमा जोड**

१०.३.१ बजार प्रणाली र केन्द्रीय निक्षेप प्रणालीको संपरीक्षण (System Audit) गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१०.३.२ सफ्टवेयर विकास वा अधिग्रहण, प्राविधिक मूल्याङ्कन, पूर्व हस्तान्तरण निरीक्षण (Pre-Delivery Inspection) का लागि उपयुक्त मानक (Standards) निर्धारण गरिनेछ ।

**१०.४ बजार सेवा तथा औजारको अन्वेषण तथा विकास र लगानीकर्ता शिक्षामा सूचना प्रविधिको प्रयोग**

१०.४.१ विद्यमान दूरसञ्चार सेवा, सूचना प्रविधि र सूचना तथा जानकारी प्रवाह अभ्यास बीचका कन्भरजेन्सद्वारा सिर्जित अवसर तथा चुनौतिहरु सामना गर्दै बजार सेवा तथा औजारको अन्वेषण तथा विकास गर्न विद्यमान नीति, कानुनी तथा नियमन प्रावधान र संस्थागत व्यवस्थामा परिमार्जन गरिनेछ ।

१०.४.२ धितोपत्र बजारलाई सुसूचित तथा परिपक्व बनाउनका लागि गरिने लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि सम्बन्धी गतिविधिहरुमा सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

**१०.५ सूचना प्रविधि सम्बन्धी साधन श्रोतको व्यवस्थापन तथा प्रयोग**

१०.५.१ सूचना प्रविधि, साधन श्रोत तथा कर्मचारीहरुको व्यवस्थित एवं प्रभावकारी परिचालनका लागि नियमन निकाय, बजार संचालक तथा अन्य पूर्वाधारहरुको संगठनात्मक संरचनामा आवश्यक व्यवस्था गरिनेछ ।

१०.५.२ नियमन निकाय, बजार संचालक तथा अन्य पूर्वाधारहरुमा उपलब्ध सूचना तथा जानकारीको अभिलेख, प्रयोग तथा सुरक्षाका लागि विकसित एवं भरपर्दो सूचना प्रविधि संयन्त्रको स्थापना तथा विकास गरिनेछ ।

**१०.६ सूचना प्रविधियुक्त केन्द्रीय तथ्याङ्क बैंक तथा विद्युतीय सूचना प्रवाह तथा प्राप्ति**

१०.६.१ बजार सम्बन्धी तथ्याङ्क तथा जानकारीको अभिलेख तथा व्यवस्थापनका लागि सूचना प्रविधियुक्त धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी केन्द्रीय तथ्याङ्क बैंक (Central Securities and Commodities Futures Data Bank) को सुधार तथा विकास गरिनेछ।

१०.६.३ बजार सहभागीहरुले विद्युतीय रुपमा सूचना प्रवाह तथा प्राप्ति गर्न सक्ने गरी विद्युतीय सूचना प्रवाह तथा प्राप्ति (System for Electronic Data Filing and Retrieval) को व्यवस्था गरिनेछ ।

**११.सस्थागत व्यवस्था**

**११.१ नीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको भूमिका तथा जिम्मेवारी**

११.१.१ बजारसँग सम्बन्धित पक्षहरुले आ-आफ्नो क्षेत्रमा परेका तथा सम्बन्धित नीति तथा रणनीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्नेछ । बजार नियमन निकाय तथा बजारसंग सम्बन्धित अन्य पक्षहरुले बजार नियमन तथा बजार गतिविधिहरुमा प्रयोग गरिने सूचना प्रविधिका साधन र प्रणाली विकास तथा खरिद धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्थाको सिद्धान्त र सफ्टवेयर सम्बन्धी अन्तर्राष्ट्रिय स्तर अनुकूल हुनु पर्नेछ ।

११.१.२ यस नीतिमा उल्लेखित नीति तथा रणनीतिहरु सम्बन्धित पक्षहरुबाट कार्यान्वयन योजना बनाई लागू गरिनेछ ।

११.१.३ सूचना प्रविधि नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको नेतृत्व बोर्डको उच्च व्यवस्थापनले गर्नेछ र नीति कार्यान्वयन कार्यको समन्वयका लागि सूचना प्रविधि नीति कार्यान्वयन समन्वय समिति गठन गरिनेछ ।

**११.२ सूचना प्रविधि नीति कार्यान्वयन समन्वय समिति**

सूचना प्रविधि नीति कार्यान्वयनका लागि बोर्डमा देहाय बमोजिमका पदाधिकारीहरु भएको एक सूचना प्रविधि नीति कार्यान्वयन समन्वय समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १. उप कार्यकारी निर्देशक, नीति, अनुसन्धान तथा योजना महाशाखा, नेपाल धितोपत्र बोर्ड | संयोजक |
| २. निर्देशक, अनुसन्धान तथा सूचना प्रविधि शाखा | सदस्य |
| ३. निर्देशक, प्रशासन शाखा | सदस्य |
| ४. सहायक निर्देशक, सूचना प्रविधि उपशाखा | सदस्य |
| ५. सहायक निर्देशक, सूचना प्रविधि उपशाखा | सदस्य सचिव |

यस समितिले समय तालिका सहितको कार्य योजना बनाई सूचना प्रविधि नीतिको कार्यान्वयन तथा नीति कार्यान्वयन गतिविधिहरुको समन्वयको प्रभावकारी भूमिका निर्वाह गर्नेछ । नीति कार्यान्वयन समन्वय समितिले नीति कार्यान्वयनको चौमासिक प्रगति विवरण र नीतिगत तथा अन्य सुधार सम्बन्धी विवरण प्रत्येक चौमासिक अवधि सम्पन्न भएको एक महिना भित्र बोर्डको उच्च व्यवस्थापनमा पेश गर्नेछ । सूचना प्रविधि नीति कार्यान्वयन समन्वय समितिले आवश्यक देखेमा समितिको बैठकमा बाह्य विज्ञ तथा बोर्डको अन्य कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**१२. पूर्वानुमान तथा जोखिम**

नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति नर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान तथा जोखिमलाई मध्यनजर गरी गरिएकोछ ।

**पूर्वानुमान**

१२.१.१ देशमा राजनैतिक स्थिरता र आर्थिक विकास तथा वृद्धि भई समग्र वित्तीय प्रणालीको सुधार तथा विकासमा जोड दिइनेछ ।

१२.१.२ बजार सञ्चालन तथा नियमन पूर्वाधारहरुको सुधार तथा विकासमा जोड दिइनेछ ।

१२.१.३ विकसित तथा स्तरीय सूचना प्रविधिको उपयोग सम्बन्धमा सवै तह तथा पक्षको प्रतिवद्धता हुनेछ ।

१२.१.४ सूचना प्रविधि सेवामा प्रविधि तटस्थता प्रत्याभूत र सूचना प्रविधिको एकीकृत सेवा तथा सुविधालाई प्रविधिगत कन्भरजेन्स (Technological Convergence) सँग सामञ्जस्य गरिनेछ ।

**जोखिम**

१२.२.१ सूचना प्रविधि संयन्त्र विकास तथा अवलम्वन गर्दा आवश्यक स्रोत तथा साधनको व्यवस्था नभएमा यो नीति कार्यान्वयनमा कठिनाई हुन सक्नेछ ।

१२.२.२ आवश्यक कानुनी तथा नियमन व्यवस्था र बजार सम्बन्धी संरचनात्मक कमीकमजोरीमा अपेक्षित सुधारको अभावमा बजार सम्बन्धी सूचना प्रविधिको सुधार, विकास, विस्तार र उपलब्ध सूचना प्रविधिको सुरक्षित उपयोगमा ढिलाई हुन सक्नेछ ।

१२.२.३ संस्थागत सुशासनको कमजोर स्थिति, वित्तीय तथा प्राविधिक शिक्षा एवं साक्षरताको न्यूनस्तर, प्राविधिक व्यवसायिक जनशक्तिमा कमी र आम जनस्तरको न्यून बचत दरका कारण बजार नियमन तथा बजार गतिविधिहरुमा विकसित एवं स्तरीय सूचना प्रविधिको उपयोग प्रति आवश्यक जागरुकतामा कमी हुन सक्नेछ ।

***